अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट मिति २०८२।०१।२५ गते सर्वोच्च अदालतमा पुनरावेदन गरिएको मुद्दाहरुको विवरणः

सि.नं.	प्रतिवादीहरु	मुद्दा	आयोगको माग दावी तथा विशेष अदालतको फैसला	विशेष अदालतको फैसलाका आधार	आयोगबाट सम्मानित सर्वोच्च अदालतमा पुनरावेदन गरिएका आधारहरु
१	विरेन्द्र कुमार यादव, टेक नारायण यादव र उमेश प्रसाद यादव मुद्दा नं. ०८०-CR-००३३ फैसला मिति २०८०।१२।२३	घुस/रिसवत लिई भ्रष्टाचार गरेको।	आयोगको माग दावी प्रतिवादीहरु टेक नारायण यादव, उमेश प्रसाद यादव र विरेन्द्र कुमार यादवलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) बमोजिमको कसुरमा बिगो रू.५,००,०००।—(अक्षरेपि पाँच लाख) कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को देहाय (घ) बमोजिम कैद सजाय गरी सोही ऐनको दफा ३ को उपदफा (१) बमोजिम बिगो बमोजिम जरिवाना सजायसमेत हुन समेतको मागदाबी लिइएको अदालतको फैसला प्रतिवादीहरु टेक नारायण यादव, उमेश प्रसाद यादव र विरेन्द्र कुमार यादवले आरोप दावीबाट सफाई पाउने ठहर भई फैसला भएको छ ।	• विरेन्द्र कुमार यादवको साथबाट बरामद भएको रु.२,००,०००।— र प्रतिवादी टेक नारायण यादवको साथबाट बरामद भएको चेकको रकम प्रतिवादीहरुले घुस/रिसवत बापत लिएको वा लिन लगाएको भन्ने आरोप दावी बस्तुनिष्ठ तथा ठोस सबुत प्रमाणबाट पुष्टि भएको नदेखिएको • रिसवत भनी नगद र चेक दिने उजुरकर्ता परमानन्द यादव स्वयम् भुक्तानी लिने व्यक्ति समेत नभई निज सोलार बत्ती जडानको कामसँग सम्बन्धित व्यक्ति भएको नदेखिएको ।	(क) जिल्ला सप्तरी विष्णुपुर गाउँपालिका वडा नं. ६ मा उजुरवाला ओमप्रकाश यादवको संयोजकत्वमा सोलार बत्ती जडान उपभोक्ता समिति गठन गरी प्रदेश सरकारको सशर्त अनुदानको रुपमा विष्णुपुर गाउँपालिकामा प्राप्त हुन आएको रु. २५ लाखको योजनामा वडा नं. ६ मा सोलार बत्ती जडान कार्य सम्पन्न भएपश्चात भुक्तानीको लागि उपभोक्ता समितिका अध्यक्ष ओमप्रकाश यादवले गाउँपालिकाको कार्यालयमा निवेदन पेश गर्दा पालिका अध्यक्ष उमेश प्रसाद यादव, लेखापाल टेकनारायण यादव र MIS Operator विरेन्द्र कुमार यादवले रु. ५,००,०००।— घुस रिसवत माग गरेकोले निज उपभोक्ता समितिका अध्यक्ष ओम प्रकाश यादवले सो कुराको जानकारी उक्त वडा नं. ६ का वडा अध्यक्ष परमानन्द यादवलाई दिई निज ओमप्रकाश यादव र परमानन्द यादवले आयोगको कार्यालय इटहरुमा निवेदन दिई घुसरिसवत दिने रकम तथा चेक समेतको व्यवस्था गरी पीडित ओमप्रकाश यादवले निवेदन दिएको र वडा अध्यक्ष परमानन्द यादवले सो कुरा थाहा पाई ओमप्रकाश यादवसँगै गई संयुक्त निवेदन दिएको अवस्था केवल परमानन्द यादव (वडा अध्यक्ष) को कामसँग सरोकार नभएको भन्ने गलत व्याख्या गरी भएको फैसला त्रुटिपूर्ण छ । (ख) भ्रष्टाचार मुद्दामा मुख्यतः प्रतिवादीको को हुन् र निजले के कसरी सार्वजनिक पद तथा सम्पत्तिको दुरुपयोग गरे भन्ने विषय मुख्य हो; उजुरीकर्ता/सूचना दिने व्यक्ति जो कोही पनि हुन सक्छ । प्रस्तुत मुद्दामा सप्तरी जिल्ला विष्णुपुर गाउँपालिका वडा नं. ६ मा सोलार बत्ती जडान गर्नका लागि प्रदेश सरकारबाट आ.व. २०७९।८० मा विनियोजित रु.२५ लाखको योजना सम्पन्न भएपश्चात् गाउँपालिका समक्ष भुक्तानी माग गर्दा गाउँपालिका अध्यक्ष समेतले उपभोक्ता समितिसँग रु. ५ लाख कमिसन माग गरेपछि उपभोक्ता समितिका अध्यक्ष ओम प्रकाश यादवले ६ नं. वडा कार्यालयका वडाध्यक्ष परमानन्द यादवसमक्ष गुनासो गरेपछि उपभोक्ता समितिका अध्यक्ष ओम प्रकाश यादव र वडाध्यक्ष परमानन्द यादवले संयुक्त रुपमा किटानी उजुरी दिएको देखिन्छ । भ्रष्टाचार सम्बन्धी कसुर राज्य विरुद्धको अपराध भएकाले सचेत व्यक्ति जोकोही पनि उजुरकर्ता हुन सक्दछ । अझ प्रस्तुत मुद्दाका एक उजुरकर्ता परमानन्द यादव सम्बन्धित विष्णुपुर गाउँपालिका वडा नं. ६ का वडाध्यक्ष समेत हुन् । यति हुँदा हुँदै पनि अदालतबाट फैसला हुँदा रिसवत भनी नगद र चेक दिने उजुरकर्ता परमानन्द यादव स्वयम् भुक्तानी लिने व्यक्ति नभएको र निज सोलार बत्ती जडानको कामसँग सम्बन्धित व्यक्ति नभएको भन्ने गलत व्याख्या गरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला प्रथम दृष्टिमै त्रुटिपूर्ण हुँदा बदरभागी छ । (ग) जिल्ला सप्तरी विष्णुपुर गाउँपालिका वडा नं. ६ गाउँपालिकाका MIS Operator प्रतिवादी विरेन्द्र कुमार यादवको हापपाइन्टको दाहिनेपट्टिको गोजीबाट उजुरवाला ओमप्रकाश यादवले दिएको रु. २ लाख रुपैयाँ बरामद भएको देखिन्छ भने प्रतिवादी टेकनारायण यादवको हापपाइन्टको पछाडिपट्टि गोजीमा रहेको पर्सबाट उजुरवालाले दिएको मुक्तिनाथ विकास बैंक लि.को खाता नं. 15810201116746000001 मिति २०८०।०४।३१ को रु. ३ लाखको चेक थान-१ बरामद भएको तथ्य मौकाको बरामदी मुचुल्का एवम् सो को प्रतिवेदक मानबहादुर राई, सन्तोषकुमार राई, स्वागत पोखरेल समेतले अदालतमा गरेको बकपत्र प्रमाण ऐन, २०३१ को दफा १८ बमोजिम प्रमाणमा ग्रहण नगरी प्रतिवादीलाई आरोप दावीबाट सफाई दिने गरी भएको फेसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

					(घ) मिसिल संलग्न स्क्रिप्ट राइटिङमा उजुरवाला र प्रतिवादीहरु बिचमा भएको कुराकानी हेर्दा यी प्रतिवादी लेखापाल टेकनारायण यादवले रु.३,००,०००।— को चेक लिएको र अर्का प्रतिवादी MIS Operator विरेन्द्र कुमार यादवले रु.२,००,०००।— नगद घुस रकम लिएको तथ्य पुष्टि भएको, गाँउपालिकाका अध्यक्ष उमेश प्रसाद यादव, लेखापाल टेक नारायण यादव समेतले पैसाको लागि बार्गेनिङ्ग गर्ने गरेको, गाँउपालिका अध्यक्षले आफ्नै घरमा बोलाई सोलार बत्ती जडान कार्य योजना बापत जम्मा रु.५,००,०००।— घुस रिसवत बार्गेनिङ्ग गर्दाको कुराकानीको अडियो भिडियो मिसिल संलग्न रहेको समेतका आधार प्रमाणबाट प्रतिवादीहरुले घुस रकम लिएको पुष्टि हुँदाहुँदै निज प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ । (ङ) सप्तरी जिल्ला विष्णुपुर गाउँपालिका वडा नं. ६ मा गरिएको सोलार बत्ती जडान कार्यक्रममा सो वडाका अध्यक्ष उजुरवाला परमानन्द यादवको प्रत्यक्ष सरोकार र भूमिका रहने उपभोक्ता समितिका अध्यक्षसँग घुस रिसवत मागेको कुरा उपभोक्ता समिति अध्यक्षले वडा अध्यक्षलाई भनी संयुक्त निवेदन उजुरी दिएकोलाई बेसरोकारको भन्न मिल्ने अवस्था हुँदैन । घुस रिसवत मुद्दामा आवश्यक तत्त्वहरु उजुरवाला ओमप्रकाश यादव र प्रतिवादीहरुसँग कार्यालयको कामको प्रत्यक्ष सम्बन्ध रहेको तथ्य पुष्टि भएको छ । प्रतिवादीहरुलाई Bribe Demand गरेकाले सो कुरा उपभोक्ता समिति अध्यक्ष ओम प्रकाश यादवले सम्बन्धित वडा नं. ६ का वडा अध्यक्षलाई भनी घुस दिने रकम तथा चेकको व्यवस्था आफैले गरी आयोगमा उजुरी गरेको देखिन्छ उजुरवालाको रकम र चेक प्रतिवादीको साथबाट बरामद भएको छ । Bribe Bargaining गरी रकम तय भएपछि नगद र चेक तयार भएको देखिन्छ । प्रतिवादीहरुले Free Will बाट रकम माग गरेको देखिन्छ । रीतपूर्वकको खानतलासी बरामदी मुचुल्का, बकपत्रबाट पुष्टि भएको छ । उजुरवाला प्रतिवादीहरुबिच पटक पटक कुरा भएको तथ्य CDR Report बाट पुष्टि भएको छ । प्रमाण कानुनको मान्य सिद्धान्त अनुसार अनुन्धानको क्रममा संकलन भएका प्रमाण अदालतबाट Tested हुँदाहुँदै उक्त प्रमाण ग्रहण नगी प्रतिवादीहरुलाई सफाई दिई भएको फैसला प्रमाण मूल्याङ्कनको रोहमा त्रुटिपूर्ण देखिँदा बदरभागी छ । (च) श्याम अधिकारी वि. नेपाल सरकार भएको भ्रष्टाचार (घुस/रिसवत) मुद्दा (ने.का.प. २०७६ मंसिर, अंक ८, नि.नं. १०३२३) मा सम्मानित सर्वोच्च अदालतबाट *"विज्ञान र प्रविधिको सहायताले आफूसँग घुस रिसवत मागेको बोली बोलेको, फोन वार्तालाई रेकर्ड गरिएको र सोलाई प्रविधिको मद्दतले लिपिबद्ध गरी प्रमाणको रूपमा पेस गरेकोलाई न्याय निरूपण गर्दा महत्त्वपूर्ण प्रमाणकै रूपमा मूल्याङ्कन गर्नु पर्ने"* भन्ने सिद्धान्त समेत प्रतिपादन भएको अवस्थामा प्रस्तुत मुद्दामा पेस भएको अडियो भिडियो र वार्तालापको स्क्रिप्ट राइटिङलाई प्रमाणमा ग्रहण नगरी प्रतिवादीहरुलाई सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण भई बदरभागी छ अतः उल्लिखित आधार, कारण तथा न्यायिक सिद्धान्त समेतका आधारमा प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला त्रुटिपूर्ण हुँदा निज प्रतिवादीहरु विरेन्द्र कुमार यादव, टेक नारायण यादव र उमेश प्रसाद यादवलाई आरोप मागदावी बमोजिम सजाय हुन सम्मानित अदालत समक्ष अनुरोध छ